नेपाल लघुवित्त बैङ्कर्स संघ

# प्रेस विज्ञप्ती

नेपाल लघुवित्त बैङ्कर्स संघको १७ औ साधारण सभा मिति २०८० पौस ६ गते द एभरेष्ट होटल,नँया वानेश्वर, काठमाडौंमा सम्पन्न भएको छ । प्रमुख अतिथि, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री बम बहादुर मिश्रज्यूबाट उद्घाटन भएको उक्त सभामा नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाश कुमार श्रेष्ठ, नेपाल राष्ट्र बैंक लघुवित्त संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक, श्री रेवती प्रसाद नेपाल र नेपाल राष्ट्र बैंक बैंक,तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक श्री गुरु प्रसाद पैाडेल तथा नेपाल लघुवित्त संघका अध्यक्ष श्री जगत बहादुर पोखरेलबाट शुभकामना मन्तव्य व्यक्त भएको थियो ।

प्रमुख अतिथि, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री बम बहादुर मिश्रले संघको नयाँ कार्यसमितिको चयन राम्ररी होस् भन्ने शुभकामना दिनुभयो । उहाँले लघुवित्त वित्तीय संस्थाहरुले देशको ७७ वटै जिल्लाबाट वित्तीय सेवा उपलब्धता गराएता पनि अझै पनि करिब १०० बटा पालिकामा वित्तीय सेवा पुग्न नसकेको भन्दै सबै गाउपालिकामा वित्तीय सेवा उपलब्ध गराउनु पर्ने आवस्यकता रहेको कुरा बताउनु भयो । संघका कार्यवाहक अध्यक्ष श्री राम बहादुर यादवको अध्यक्षतामा सञ्चालन भएको सभाको वन्द सत्रले आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन र २०८०/८१ को वार्षिक कार्यक्रम तथा बजेट पारित गर्यो ।

सभाले आगामी दुई वर्षका लागि निम्न पदाधिकारीहरु सम्मिलित संघको नयाँ कार्यसमितिको निर्विरोध चयन गर्यो ।

| क्र सं | नाम | पद | संस्थाको नाम |
|---|---|---|---|
| १. | श्री राम बहादुर यादव | अध्यक्ष | नेहनल लघुवित्त वित्तीय संस्था लिमिटेड |
| २. | श्री राम हरि दाहाल | उपाध्यक्ष | मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ३. | श्री संजय कुकार मण्डल | महासचिव | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ४. | श्री विनोद आचार्य | कोषाध्यक्ष | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ५. | श्री गगांधर पाण्डे | सचिव | महुलि लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ६. | श्री बद्री प्रसाद दुलाल | सदस्य | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ७. | श्री स्याम कुमार कटुवाल | सदस्य | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ८. | श्री सारदा कुमारी खत्री | सदस्य | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ९. | श्री सुरेश बहादुर बम | सदस्य | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड |
| १०. | श्री सोगत बीर चौधरी | सदस्य | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ११. | श्री शिव प्रसाद ज्ञवाली | सदस्य | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड |

नेपाल लघुवित्त बैङ्कर्स संघ छाता संगठनका रुपमा २०६३ सालदेखि लघुवित्त क्षेत्रको हकहीतका लागि सक्रिय रहँदै आएको छ र विद्यमान ५७ मध्ये ५१ वटा लघुवित्त संस्थाहरु यसका सदस्य छन् ।

२०८०/०९/०८
काठमाडौं